संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - १६

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ १५ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बेलुका ७:४५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले प्रतिनिधि सभाको सदस्यमा राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट समानुपातिक निर्वाचन प्रणाली मार्फत निर्वाचित हुनु भएकी माननीय श्री बिन्दबासिनी कांसकारलाई सभा एवं व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो ।

त्यसपछि माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतलाई प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४१ को उपनियम (२) बमोजिम आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानको प्रति (बजेट वक्तव्य) टेबुल गर्नु भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल गर्न २०८० साल जेठ २१, २२, २३, २४ गतेका दिनहरु र मा० अर्थमन्त्रीले जवाफ दिनको लागि जेठ २५ गतेको दिन तोकेको व्यहोरा जानकारी गराउनुहुँदै उक्त छलफलमा दलीय प्रतिनिधित्वको आधारमा भाग लिन दलीय पदाधिकारीहरुले आ-आफना दलका वक्ता माननीय सदस्यहरुको नाम बैठक बस्नुभन्दा एक घण्टा अगावै कार्यव्यवस्था शाखा, संघीय संसद सचिवालय, नयाँ बानेश्वरमा उपलब्ध गराई दिनुहुन अनुरोध गर्नुभयो ।

तदुपरान्त माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५२ को उपनियम (१) बमोजिम "आर्थिक विधेयक, २०८०" प्रस्तुत गर्नुभयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले भारतका महामहिम प्रधानमन्त्री श्री नरेन्द्र मोदीको मैत्रीपूर्ण निमन्त्रणामा २०८० साल जेठ १७ देखि २० गतेसम्म मित्रराष्ट्र भारतको औपचारिक भ्रमणमा जान लागेको र नेपालको तर्फबाट सम्बन्ध र सहकार्यको लागि उठाउनु पर्ने विषयमा छलफल, सम्झौता र समझदारी पत्रमा हस्ताक्षर हुने कार्यक्रम रहेको, सोही बमोजिम प्रतिनिधि मण्डल छनौट गरिएको, नेपालको राष्ट्रिय हित र छिमेकी मित्रराष्ट्रको मित्रवत सम्बन्धलाई केन्द्रमा राखी भ्रमणको तयारी भइरहेको भन्ने सम्बन्धमा सभालाई जानकारी गराउनु भयो ।

तत्पश्चात् सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) को उक्त भ्रमण सम्बन्धमा माननीय श्री प्रेम सुवालले आफ्नो आशन अगाडी उठेर स्पष्टिकरण माग गर्न चाहनु भएपछि सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्रीले आफ्नो भ्रमण सम्बन्धमा सदनलाई जानकारी दिनु भएकोले यस्तोमा स्पष्टिकरण नहुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ २१ गते आइतबार बिहान ११:०० बजे बस्नेगरी बैठक राती ८:०० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव